"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३ — मितिः२०८२/१०/१८

चलानी नः — ने.सः ११४६ सिल्लाथ्व १५

## प्रस्ताव आव्हानको सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१०/१८ गते)

यस कार्यालयको आ.व.२०८२/०८३ को प्रदेश सशर्त स्वीकृत वार्षिक कार्यक्रम अनुसार **" स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** बमोजिम देहायको कार्यक्रम गर्न इच्छुक दुध संकलन गरी प्रशोधन, विविधिकरण तथा बजारिकरण कार्यमा संलग्न सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन(मिति २०८२/११/०९) भित्र कार्यालय समयमा पशु सेवा शाखामा आवेदन दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने बेहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स | कार्यक्रमको नाम | अनुदान रकम रु.(हजारमा) | कार्यक्रम लागु हुने क्षेत्र | आवेदक | प्रोत्साहन अनुदान |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | ५०० | नमोबुद्ध नगरपालिकाको सम्पूर्ण वडाहरु | सहकारी संस्था | २०८२ श्रावण देखी पुष मसान्त सम्मको दुधको रेकर्डको आधारमा प्रति लिटर दुधमा अनुदान । |

**कार्यविधि/न्युनत्तम मापदण्ड**

१. प्रस्तावक संस्थाले मासिक न्युनतम १५०० लिटर दुध संकलन गर्ने गरेको हुनुपर्ने छ ।

२. प्रस्तावक संस्था सूचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको एक वर्ष पुरा भई वार्षिक न्युनतम २०० दिनसम्म दुधको कारोबार गरेको ।

**आवेदनका साथ समावेश गर्नुपर्ने कागजातहरु:**

१. संस्था दर्ता, व्यवसाय दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र र नागरिकता प्रतिलिपि ।

२.स्थाई लेखा नम्बर (प्यान दर्ता) र आ.व २०८१/०८२ को करचुक्ता प्रमाणपत्र ।

३. कार्यक्रममा सहभागिता सम्बन्धि वडा कार्यालयको सिफारिस ।

४. सहकारीको बैठकको निर्णय प्रतिलिपि र सम्बन्धित व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजात ।

५. बार्षिक साधारण सभा र लेखा परिक्षण भएको कागजात ।

६. विगतमा कुनै किसिमको कारबाहीमा नपरेको स्वघोषणा ।

७. प्रस्तावकले संस्थागत रुपमा दुध खरिद र बिक्री गरेको प्रमाण ।

नोटः- निवेदन, संक्षिप्त कार्ययोजनाको ढाचा तथा कार्यक्रम संचालन कार्यविधि यस कार्यालयको वेवसाइट बाट डाउनलोड गर्न गर्न सकिनेछ । थप जानकारिका लागि फोन न. ९७४६९६०५३२, ९८४२५३३२५४ मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

........................
कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत